# लैङ्गिक हिंसा प्रभावित व्यवस्थापन कोष सञ्चालन निर्देशिका,२०७७

खण्डः ४ संख्या : २ मितिः २०७७।०३।०९

**भाग : २**

## ज्वालामूखी गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
साँधभञ्ज्याङ, धादिङ
बागमती प्रदेश, नेपाल

Email :info@jwalamukhimun.gov.np
Website:jwalamukhimun.gov.np

# लैङ्गिक हिंसा प्रभावित व्यवस्थापन कोष सञ्चालन निर्देशिका,२०७७

**प्रमाणीकरण मिति**
**२०७७।०३।०९**

## प्रस्तावना

लैङ्गिक हिंसा प्रभावित महिला तथा बालबालिकालाई केन्द्रबिन्दुमा राखि उनीहरुलाई छिटो, छरितो र प्रभावकारी रुपले आवश्यकता अनुसारको सेवाहरु (मनोसामाजिक सेवा, सुरक्षा/संरक्षण, चिकित्सा सेवा र सहायता तथा कानुनी सेवा, सीपमुलक तालिम, आयआर्जनमा तथा शिक्षामा सहयोगका साथै दुर्व्यशनी पुनःस्थापना र पारिवारिक तथा सामाजिक पुनःर्मिलन, पुनःएकिकरणमा सहयोग) पुऱ्याउनका लागि ज्वालामूखी गाउँकार्यपालिकाको मिति २०७७।०३।०९ गतेको १६ औं बैठकले यो लैङ्गिक हिंसा प्रभावित व्यवस्थापन कोष सञ्चालन,२०७७ जारी गरेकोछ । यो निर्देशिका गाउँकार्यपालिकाको बैंठकले स्वीकृत गरे पश्चात लागु हुनेछ ।

नेपालले महिला अधिकारको संरक्षण र सम्वर्द्धनका लागि महिला बि्रुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धि महासन्धि (CEDAW) र संयुक्त राष्ट्र संघको सुरक्षा परिषदको प्रस्ताव नं. १३२५ र १८२० (UNSCR1325,1820) आदि जस्ता विभिन्न अन्तराष्ट्रिय दस्तावेजहरुमा प्रतिवद्धता जनाई सकेको छ। नेपालको संविधान २०७२ को धारा ३८ मा महिला अधिकारलाई मौलिक हकका रुपमा व्यवस्था गरिएको छ । स्थानीय सरकारलाई महिला अधिकारको प्रवर्द्धनका लागि नेपालको संविधान, २०७२ र स्थानीय सरकार संचालन ऐन २०७४ मा पनि विभिन्न जिम्मेवारीको व्यवस्था गरेको छ । त्यसै गरी घरेलु हिंसा (कसुर र सजाय) ऐन,२०६६ को दफा ११ र १२ मा भएका प्रावधान अनुसार र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५,दफा १०२ को उपदफा १ र २ मा उल्लेख भए बमोजिम लैङ्गिक हिंसाबाट प्रभावित व्यक्तिहरुलाई समयमै उचित र प्रभावकारी सेवा प्रदान गर्न यो लैङ्गिक हिंसा प्रभावित व्यवस्थापन कोष सञ्चालन निर्देशिका ,२०७७ तयार परिएकोछ ।
यस कोषको उद्देश्य लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको तात्कालिक सवालहरुको सम्वोधनका लागि हिंसा प्रभावितलाई सेवा पुऱ्याउने र महिला अधिकार संरक्षणका लागि रणनीतिक रुपमा उच्च प्राथमिकताका साथ क्रियाशिल रहने छ । प्रभावितको सहमतिमा मात्र सेवा र सुविधा उपलब्ध गराईनेछ र व्यक्तिको सम्पुर्ण विवरण गोप्य राखिने छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "लैङ्गिक हिंसा प्रभावित व्यवस्थापन कोष सञ्चालन निर्देशिका ,२०७७" रहेको छ ।
(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) "गाउँपालिका" भन्नाले ज्वालामूखी गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले दफा ४ बमोजिमको आपतकालिन महिला उद्धार कोष सम्झनु पर्छ ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले ज्वालामूखी गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(ङ) "राहत समिति" भन्नाले दफा १२ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ ।

(च) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, कुटपीट सामाजिक मान्याता विपरितका कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा संझनु पर्छ ।

(छ) "सञ्चालक समिति" भन्नाले दफा ८ बमोजिमको कोष सञ्चालक समिति संझनु पर्छ ।

**३. कोषको उद्देश्यः**

(क) हिंसा प्रभावित व्यक्तिको उद्धार गर्ने,
(ख) हिंसामा परेका व्यक्तिलाई राहत उपलब्ध गराउने,
(ग) हिंसामा परेका महिलालाई पारिवारिक पुनर्स्थापना गर्ने,
(घ) हिंसामा परेकालाई आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्योपचार उपलब्ध गराउने,
(ङ) हिंसामा परेकालाई अत्यावश्यकीय सेवा, सुविधा उपलब्ध गराउने
(च) हिंसामा परेकाको संरक्षणको अधिकार सुनिश्चित गर्ने ।

**४.कोषको स्थापना :** (१) लैङ्गिक हिंसा प्रभावित व्यवस्थापन कोष नामको एक कोष स्थापना गरिने छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :-
(क) नेपाल सरकार,प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,
(ख) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,
(ग) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,
(घ) संचालक समितिले अन्य स्रोत पहिचान र परिचालनबाट प्राप्त रकम
(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको रकम नेपाल सरकारबाट मान्यता प्राप्त जुनसुकै बैंकमा छुटै खाता खोली जम्मा गरिनेछ ।

(४) कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिकाको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(५) विदेशी सरकारवाट रकम प्राप्त गर्न नेपाल सरकारको पूर्व सहमति लिनुपर्ने छ ।

**५. कोषमा रकम जम्मा गर्न सक्ने :** महिला हकहितको क्षेत्रमा नेपालभित्र कार्यरत रही गाउँपालिकासंग सहकार्य गर्न चाहने गैर सरकारी संस्थाहरुले इच्छाएको रकम कोषमा जम्मा गर्न सक्नेछन् ।

**६. कोषको उपयोग** : (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत तथा अन्य आर्थिक सहयोग उपलव्ध गराउन,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजी (Seed Capital) को रुपमा प्रदान गर्न,

(च) पुनर्स्थापना गराउन,

(छ) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य कुनैपनि कार्यका लागि ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

७. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :** (१) कोषको रकम दफा ६ मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समिति र राहत समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

८.**संञ्चालक समितिको गठन :** (१) कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष सञ्चालक समिति रहनेछ ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| (ख) सम्पूर्ण वडाका वडा अध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) गाउँपालिका स्थित प्रहरी चौकीको प्रमुख | सदस्य |
| (च) कार्यपालिका सदस्य मध्येवाट महिला तथा वालवालिकाको क्षेत्रमा काम गरेको सदस्य १ जना | सदस्य |
| (छ) महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखाको प्रमुख | सदस्य सचिव |

(३) सञ्चालक समितिको सचिवालय गाउँपालिकामा रहनेछ ।

९. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैङ्गिक हिंसा निवारणको सम्वन्धमा गाउँपालिकाबाट स्विकृति नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन कार्यालयको नाममा रकम निकासा गर्ने,

(ग) राहत समितिको काम कारवाहीको अनुगमन गर्ने वा गराउने,

(घ) गाउँपालिका भित्र घटेका लैङ्गिक हिंसा सम्वन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,

(ङ) सीपमूलक तालिमप्राप्त पीडितलाई वीउ पुँजी ( Seed Capital ) प्रदान गर्ने सम्वन्धमा मापदण्ड बनाई लागू गर्ने,

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(छ) कोष वृद्धिको लागि श्रोतको खोजी गर्ने

(ज) लैङ्गिक हिंसा निवारण सम्वन्धी अन्य काम गर्ने वा गराउने

१०.सञ्चालक समितिको बैठक र निर्णय : (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) सञ्चालक समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा जेष्ठ सदस्यले गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सञ्चालक समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) सञ्चालक समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गरि राख्नेछ ।

(९) सञ्चालक समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. कार्यालयलाई रकम उपलब्ध गराउने** : १) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि सञ्चालक समितिले कोषबाट कार्यालयको नाममा रकम निकाशा दिनेछ ।

२) राहत एवं अन्य सहयोगको लागि अनुसूची -१ वमोजिमको ढाँचामा निवेदन दिनु पर्ने छ ।

**१२.राहत समितिको गठन** : (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि गाउँपालिकामा एक राहत समिति रहनेछ ।

(२) राहत समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) प्रमुख प्रशासकिय अधिकृत | अध्यक्ष |
| (ख) प्रमुख, गाउँपालिका स्थित प्रहरी चौकी | सदस्य |
| (ग) लेखा शाखाको प्रमुख | सदस्य |
| (घ) संचालक समितिले तोकेको विपद व्यवस्थापन समितिका संयोजक वा सदस्य एक जना | सदस्य |
| (ङ) महिला,वालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख | सदस्य- सचिव |

(३) राहत समितिको सचिवालय कार्यालयमा रहनेछ ।

(४) राहत समितिको बैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१३. राहत समितिको काम, कर्तब्य र अधिकार** : राहत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ग) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउने,

(ग) गाउँपालिकास्तरमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

**१४. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार** : (१) यस निर्देशिका बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी रकम उपलब्ध गराईनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत प्रतिदिन तिन सय रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन चारसय पचास रुपैयाँको दरले बढीमा पाँच हजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तिन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च वापत प्रतिदिन पाँच सय रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा पाँच हजार रुपैया,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि बीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा तीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ ।

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा राहत समितिले त्यस्तो पीडितलाई दुई हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल वाहिर रहे बसेको पीडितलाई सञ्चालक समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

(४) यसरी खर्च भएको रकम संचालन समितिले पछि बैठकबाट समर्थन गर्ने छ ।

**१५. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) यस निर्देशिका बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा राहत समितिले दफा १४ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**१६. क.तत्काल रकम उपलव्ध गराउन सक्ने :** (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको बैठक बसि सो प्रयोजनको लागि कोषबाट पचास हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम सम्वन्धित पीडितलाई उपलव्ध गराउन सक्नेछ ।

**१७. थप रकम निकासा माग गर्न सक्ने :** (१) सञ्चालक समितिबाट कार्यालयको नाममा निकासा भएको रकम अपर्याप्त भएमा कार्यालयले सो को कारण खुलाई सञ्चालक समितिसँग थप रकम माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम थप रकम माग भई आएमा सञ्चालक समितिले कार्यालयको आवश्यकता र औचित्यता हेरी कोषबाट थप रकम निकासा दिन सक्नेछ ।

**१८. कोषको लेखा र लेखा परिक्षण :** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**१९. चक्रिय (रिभल्भीङ) कोष** : यो कोष चक्रिय (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

**२०. प्रतिवेदन पेश गर्नेः** (१) राहत समितिले प्रत्येक छ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्नु पर्नेछ ।

(२) सञ्चालक समितिले आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक बर्ष भरिमा भए गरेका काम कारवाहीको प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

२१. **बैठक भत्ताः** सञ्चालक समिति वा राहत समितिका सदस्यले सो समितिको बैठकमा भाग लिए वापत प्रति बैठक रु. १०००।- बैठक भत्ता वापत पाउनेछन् ।

२२. **निर्देशन दिन सक्ने :** (१) गाउँपालिकाले सञ्चालक समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ ।

२३.**अधिकार प्रत्यायोजन :** समितिले यस निर्देशिका बमोजिम आफूलाई प्राप्त भएका अधिकारहरु मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक, उपसंयोजक, सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२४. **कोष खारेज हुन सक्ने :** (१) कुनै कारणवस कोष सञ्चालन गर्न आवश्यकता नदेखिएको ठहर गरेमा गाउँपालिकाले उक्त कोष खारेज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषमा रहेको रकम गाँउपालिकाको मुल खातामा स्वतः स्थानान्तरण हुनेछ ।

२५. **बाधा अड्काउ फुकाउने :** यस कोषको प्रयोग, कार्यान्वयन तथा सञ्चालन गर्ने कार्यमा कुनै बाधा परेमा गाँउपालिकाले बाधा अड्काउ फुकाउनेछ ।

२६.**संशोधन एवं खारेजी :**

यस निर्देशिकाको संशोधन गर्न आवश्यक देखिएमा गाँउपालिकाले संशोधन गर्न सक्नेछ ।